
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन १ गते मंगलबार ❑ 13 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## गण्डकी प्रदेशको ६ महिनामा १७ प्रतिशत बजेट खर्च

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

गण्डकी प्रदेश सरकारले चालु आर्थिक बर्ष २०८०/०८१ को पहिलो ६ महिनामा करिब १७ प्रतिशत मात्र बजेट खर्च गर्न सफल भएको छ।

चालु आर्थिक बर्षको यही माघ २ गतेसम्म प्रदेश सरकारले चालु तर्फ २१.४८ प्रतिशत खर्च गर्दा पुंजिगत तर्फ भने १४.०१ प्रतिशत गरी जम्मा १६.६५ प्रतिशत मात्र खर्च गर्न सफल भएको प्रदेशको आर्थिक मामिला मन्त्रालयले जनाएको छ।

चालु आर्थिक बर्षमा चालु तर्फ १२ अर्ब ७३ करोड ६७ लाख ३८ हजार बजेट विनियोजन भएकोमा पहिलो ६ मनिामा २१.४८ प्रतिशतले २ अर्ब ७३ करोड ६४ लाख ४१ हजार खर्च भएको आर्थिक मामिला मन्त्रालयको वेवसाइडमा उल्लेख गरिएको छ । त्यसै गरी पहिलो ६ महिनासम्म प्रदेशको पुंजिगत खर्च निकै कम भएको देखिन्छ । २० अर्ब १९ करोड ४ लाख ६२ हजार यस आर्थिक बर्षमा पुंजिगत तर्फ बजेट विनियोजन भएकोमा चालु आर्थिक बर्षको ६ महिनामा पुंजिगत तर्फ १४.०१ प्रशितले २ अर्ब ८२ करोड ८५ लाख ६३ हजार मात्र खर्च भएको आर्थिक मामिला मन्त्रालयका सचिव बलराम रिज्यालले बताउनुभयो।

समग्रमा हेर्दा प्रदेशको अझै पनि बजेट समयमै खर्च हुन नसकेको बताउदै सचिव रिज्यालले केही विधि र प्रकृयाले गर्दा बजेट खर्चको नतिजा पहिलो ६ महिनामा देखाउन निकै कठिन हुने गरेको जनाउनुभयो। अधिकांश योजनाहरु अब कार्न्यान्वयनमा जाने, केही बहुबर्षीय योजनाहरुको अध्ययन तथा डिपिआर लगायतका कारणले गर्दा कार्यान्वयनमा ढिलाई भएको उहाँले जनाउनु भयो । करिब ६० देखि ६५ प्रतिशत बजेट हाल कार्यान्वयन हुन लागेकोले चालु आर्थिक बर्षमा करिब ७० प्रतिशत पुंजिगत खर्च गर्ने लक्ष्य राखेको मन्त्रालयले जनाएको छ। प्रदेशका ७ वटा मन्त्रालय सहितका कार्यालयहरुको पुषसम्मको अर्ध बार्षिक समिक्षा समेत गर्दै जाने योजना रहेको सचिव रिज्यालले जनाउनु भयो। गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/०८१ को लागि ३३ अर्ब ४२ करोड ७२ लाख बजेट प्रस्तुतः गरेको छ । गत बर्षको तुलनामा उक्त बजेट ६.९११ प्रतिशतले कम आएको हो। चालु आर्थिक बर्ष ३५ अर्ब ९० करोड ९० लाखको बजेट विनियोजन भएको थियो । आगामी आर्थिक बर्षको चालु तर्फ १२ अर्ब १३ करोड अर्थात ३८ प्रतिशत र पूंजिगत तर्फ ६०.४ प्रतिशतले २० अर्ब १९ करोड ४ लाख बजेट विनियोजन गरीएको छ। प्रदेशका आर्थिक मामिला मन्त्री जितप्रकाश आलेले प्रदेशमा अझै पनि खर्च बढी गर्ने सिस्टम केही विधि र प्रकृयाले गर्दा ढिला हुने गरेको बताउदै आउनु भएको छ। प्रदेश सरकारले अब अनउत्पादनशिल क्षेत्र जस्तै आमा समुह र विभिन्न समुदायका भवनमा गरिदै आएको खर्च कटौती तथा पूर्वाधार विकासका योजनामा न्यूनतम १० लाख माथिका योजानहरु समेटेको उहाँको दाबी छ।

## अफ्रिकन स्वाइन फिभर रोगबाट कास्की सहित गण्डकी प्रदेशमा १६ हजार ५ सय बंगुर/सुंगुर मरे

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

कास्की सहित गण्डकी प्रदेशमा करिब साँढे दुई बर्षको अवधिमा १६ हजार ५ सय ५४ वटा बंगुर तथा संगुर मरेका छन्।

अफ्रिकन स्वाइन फिभर रोगका कारण प्रदेशमा उक्त संख्यामा बंगुर मरेको गण्डकी प्रदेशको पशुपालन तथा मत्स्यपालन विकास निर्देशनालय पोखराले सोमबार आयोजना गरेको बंगुर/सुंगुरमा लाग्ने अफ्रिकन स्वाइन फिभर रोग सम्बन्धि मिडिया ब्रिफिङकार्यक्रममा उक्त तथ्याङ्क सार्वजनिक गरिएको हो। यस अवधिमा कास्की जिल्लामा मात्र १५ हजार ३ सय ८८ वटा अर्थात ९२.९५ प्रतिशत बंगुर/सुंगुर मरेको तथ्याङ्क रहेको गण्डकी प्रदेशको पशुपालन तथा मत्स्यपालन विकास निर्देशनालय महा–निर्देशक डा.प्रेरणा सेढाई भट्टराईले बताउनुभयो।

उक्त रोगका कारण पछिल्लो दुई महिनामा कास्की जिल्लामा ५५ बटा, तनहुँमा ३० वटा, लम्जुङमा १४ वटा, गोरखामा १३ वटा गरी कुल १ सय १२ बटा बंगुर मरेका उहाँले जनाउनु भयो। अहिलको अबस्थामा उच्च सावधानि अपनाउदै धेरै सङ्ख्यामा बंगुर पालन नगर्न व्यवसायीहरुलाई सुझाव दिइएको छ। बिउको रुपमा भएका बंगुरको उचित ढंगले पालना गर्न पशु चिकित्सकले आग्रह गर्नु भएको हो। गण्डकी प्रदेशमा करिब १ हजार भन्दा बढी व्यवसायीक बंगुर पालन किसान भए पनि हाल उक्त रोगको कारणले गर्दा एक तिहाई मात्र जेनतेन संचालनमा रहेको महा–निर्देशक भट्टराईले उल्लेख गर्नु भयो। उहाँका अनुसार प्रदेशमा उक्त सङख्यामा बंगुर/सुंगुर मर्दा करिब ५० करोड भन्दा बढीको आर्थिक क्षति हुन पुगेको छ।




तिब्र गतिमा फौलिने यो रोग नेपालमा २०७९ साल जेठ २ गते पहिलो पटक पुष्टि भए पनि गण्डकी प्रदेशमा २०७९ साउन २९ गते पोखरा १४ मा पुष्टि भए पश्चात यस रोगलाई नियन्त्रण गर्न कृषकहरूलाई जैविक सुरक्षा विधि अवलम्बन गर्ने, जैविक सुरक्षा सम्बन्धि सचेतना कार्यक्रम गर्दै आएको विकासका महा निर्देशक डा. प्रेरणा सेढाई भट्टराईले बताउनु भयो। यस पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मार्फत गण्डकी प्रदेशका जिल्लाहरू स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तथा स्थानिय तहहरुलाई पत्रचार गरी खोरहरुमा निःसंक्रमण कार्यक्रम, रोगको सर्भिलेन्सका कार्यहरू संचालन साथै पशुजन्य ओसार-पोसारमा निगरानी तथा आवश्यकता अनुसार विभिन्न औषधी उपचार सहयोग जस्ता कार्यहरूका माध्यमबाट यस रोगलाई नियन्त्रण गर्ने प्रयास गर्दै आएको प्रदेशको कृषि तथा भूमि व्यबस्था मन्त्रालयका सचिव टंक प्रसाद प्रर्साईले बताउनु भयो।

अफ्रिकन स्वाइन फिभर रोग सुंगुर, बंगुर तथा बँदेल प्रजातिमा लाग्ने (मानिसमा नसर्ने) अत्यन्तै संक्रामक तथा उच्च मृत्युदर भएको रोग रहेको सचिव प्रर्साईले बताउनु भयो । कास्की सहित तनहुँ,म्याग्दी, नवलपरासि, स्याङजा र लमजुङमा अफ्रिकन स्वाइन फिभर रोग शंक्रमणले प्रभाव पार्दै आएको निर्देशनालयका बरिष्ठ पशु विकास अधिकृत बालकुमार श्रेष्ठले बताउनु भयो।

यो रोगको हालसम्म कुनै प्रभावकारी उपचार उपलब्ध नभएकोले गर्दा जैविक सुरक्षामा उपाय अबलम्बन गर्न, रोकथामको सर्वोत्कृष्ट उपाय रहेको उहाँले बताउनु भयो। अन्यत्रबाट फर्किएर खोरमा पस्दा कपडा फेरेर वा डिस्इनफेक्टेन्ट छरेर मात्रै प्रवेश गर्ने, खोरमा फोहोर व्यवस्थापन गर्ने, होटल, भोजभतेर तथा घरबाट ल्याइएको जुठो खाना सकेसम्म नदिने र खुवाउनुपरेको खण्डमा बंगुरला अगावै ३० मिनेट जति पकाएर दिने, जंगली बंगुर बँदेल र घरपालुवा बंगुरलाई सिधा सम्पर्कमा आउन नदिन निर्देशनालयले हाल निर्देशन दिदै आएको छ।

## समन्वय समितिको भूमिका प्रभावकारी हुनुपर्नेमा जोड

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

जिल्ला समन्वय समिति महासङ्घ गण्डकी प्रदेशको आयोजनामा सोमबार यहाँ आयोजित गण्डकी प्रदेश भेलामा जिल्ला समन्वय समितिको भूमिका प्रभावकारी हुनुपर्नेमा जोड दिइएको छ।

जिल्ला समन्वय समितिका लागि संविधानले दिएका अधिकारको कार्यान्वयनलाई प्रभावकारी रुपमा अघि बढाउनुपर्ने बताउँदै वक्ताहरूले त्यसका लागि आवश्यक कार्यविधि एवं कानुन निर्माण हुनुपर्ने बताउनुभयो।

कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वय गर्दै अघि बढ्न आग्रह गर्नुभयो । पूर्वसचिव रेश्मीराज पाण्डेले संविधानले दिएको जिम्मेवारीलाई आत्मसात् गर्दै काम गर्न सकेमा जिल्ला समन्वय समितिप्रतिको आकर्षण र विश्वास बढेर जाने बताउनुभयो।

जिल्ला समन्वय महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष एवं जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले संविधानत : निर्दिष्ट अधिकारको कार्यान्वयनका लागि कार्यविधि बनाउन आग्रह गर्नुभयो । त्यस अवसरमा जिल्ला समन्वय समिति महासङ्घका उपमहासचिव दीपक गौतम, जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापा, नवलपुरका उपप्रमुख सकुन्तला लम्साल, स्याङ्जाका उपप्रमुख खड्गराज सुवेदीले जिल्ला समन्वय समितिको औचित्य पुष्टि हुने गरी काम गर्नुपर्नेमा जोड दिनुभएको थियो।

## पञ्चकोटमा बसेको गण्डकी सरकार मन्त्रिपरिषद्का निर्णय

पोखरापत्र संवाददाता
बागलुङ, २९ माघ

गण्डकी प्रदेश सरकारले प्राणघातक रोगबाट पीडित बिरामी छनोट गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ । बागलुङको प्रसिद्ध पञ्चकोटमा बसेको गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले क्यान्सर र ब्रेनट्युमर भएका ७० जना रोगीको छनोट गरी आर्थिक सहयोग गर्ने निर्णय गरेको हो।

मन्त्रिपरिषद् बैठकको निर्णय सुनाउँदै गण्डकी प्रदेश सरकारकी प्रवक्ता सरस्वती अर्यालले प्रदेश निजामती सेवा पुरस्कार सिफारिस समितिलाई पूर्णता दिन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेल र पूर्वसहसचिव विदेन्द्रबहादुर हमाललाई नियुक्ति गर्ने निर्णय गरेको सुनाउनुभयो । उहाँले गोरखाको नासो गाउँपालिकाको वडा सीमाना संशोधनका लागि नेपाल सरकारलाई सिफारिस गरेको भन्दै समपूरक तथा विशेष अनुदानअन्तर्गत आयोजना/कार्यक्रम समावेश गर्न नेपाल सरकारमार्फत राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने गर्ने निर्णय भएको बताउनुभयो। प्रवक्ता अर्यालले प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मतसम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## हार्दिक निमन्त्रणा !

श्री भद्रकाली माध्यमिक विद्यालय कुँडहर, पोखरा-१३, कास्कीको ७२ **औँ वार्षिकोत्सव**, **अभिभावक दिवस**, **पुरस्कार वितरण** तथा भारतीय दूतावासको आर्थिक सहयोगमा निर्मित १८ कोठे **"नेपाल भारतमैत्री भवन"** को समुद्घाटन समारोह तपसिलको मिति, समय र स्थानमा, पोखरा महानगरपालिकाका प्रमुख श्री धनराज आचार्यज्यूको प्रमुख आतिथ्यमा विभिन्न सांस्कृतिक कार्यक्रमका साथ सुसम्पन्न हुन गइरहेको छ । उक्त कार्यक्रममा उपस्थितिका लागि विद्यालयका आजीवन सदस्य, अभिभावक, विद्यार्थी, भूतपूर्व शिक्षक, कर्मचारी, विद्यार्थी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई पत्राचार गरिएको छ। यदि कुनै कारणवश पत्र प्राप्त हुन नसकेमा यसै सूचनालाई आधार मानी उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौँ ।

**तपसिल**

**मिति : २०८० फाल्गुण २ गते बुधबार (बसन्त पञ्चमीका दिन)**

**समय : बिहानको ठिक १०:०० बजे**

**स्थान : विद्यालय प्राङ्गण**

**प्रार्थी**
**प्रधानाध्यापक**
**तथा**
**सम्पूर्ण विद्यालय परिवार**
**भद्रकाली माध्यमिक विद्यालय**
**कुँडहर, पोखरा-१३, कास्की**
**फोन नं. : ०६१-५८३७८७, ५७०४९८**
Email : bhadrakalisecondaryschool@gmail.com

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# काली गण्डकीमा दोस्रो दिन र्‍याफटिङका दुई स्पर्धा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

गण्डकी प्रदेशलाई सहाशीक खेलकुदको गन्तब्य बनाउने उद्देश्यका साथ पहिलो पटक पर्वत र बागलुङको संगम मालढुङ्गास्थित काली गण्डकीमा नेशनल र्‍याफटिङ च्याम्पियनसिप प्रतियोगिता दोस्रो दिन पनि जारी रहेका छन् ।



प्रतियोगिताको अन्तर्गत दोस्रो दिन मेन्स स्प्रिन्ट टिम इभेन्ट र मेन्स स्प्रिन्ट हेड टु हेड गरी दुई वटा इभेन्ट सम्पन्न भएको परिषदका सदस्य एवं सहाशीक खेलकुदका संयोजक बसन्तराज दवाडीले जानकारी दिएका हुन् ।

प्रतियोगितामा मेन्स स्प्रिन्ट टिम इभेन्टमा प्याडल नेपाल ‘ए’ टिमले जित हासिल गरेको छ भने गण्डकी प्रदेश टिम दोश्रो भएको छ । त्यसै गरी सोही इभेन्टमा भोटे कोशी ‘बी’ समुह तेश्रो भएको छ ।

मेन्स स्प्रिन्ट हेड टु हेड प्रतियोगितामा प्याडल नेपाल ‘ए’ टिमले नै जित हासिल गरेको छ । त्यसै गरी भोटेकोशी ‘बी’ले दोश्रो स्थान हासिल गर्दा प्याडल नेपाल ‘बी’ ले तेश्रो स्थान प्राप्त गरेको प्रतियोगिता प्राविधिक समितिका संयोजक एवं नेपाल र्‍याफटिङ संघका मुख्य प्रशिक्षक नीम बहादुर थापा मगरले बताए ।

प्रतियोगितामा पहिलो, दोश्रो र तेश्रो हुने टिमहरुले नगद, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । प्रतियोगितामा पहिलो, दोश्रो र तेश्रो हुने टिमहरुलाई नगद रु १५ हजार, १० हजार र ५ हजार प्राप्त गर्ने परिषदका कार्यालय प्रमुख तोपलाल भुसालले जानकारी दिए । उक्त प्रतियोगिता अन्तर्गत भोली (मंगलबार) डाउन रिभर रेस र र्‍याफटिङतर्फको सालोलम हुने छ । भोली सम्पन्न हुने प्रतियोगितामा बिजेता खेलाडीहरुलाई नगद सहित मेडल तथा प्रमाणपत्र वितरण गरिने परिषदका लेखा प्रमुख निलकण्ठ ढकालले जानकारी दिए ।

र्‍याफटिङतर्फ १२ टिम र कायाक सालोलुम कानुको प्रतिस्पर्धामा ५० भन्दा बढि खेलाडीको सहभागिता रहेको प्राविधिक संयोजक मगरले बताए । प्रतियोगितामा सात प्रदेश, विभागिय टिम र अन्य क्लबहरुको समेत सहभागिता रहेको छ । सोही प्रतियोगिताबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागि हुने खेलाडीहरुको समेत छनौट हुने मगरले बताए ।

# लेउवा संघमा शेयर बजार सम्बन्धी सचेतना कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल धितोपत्र बोर्डको आयोजनामा लेखनाथमा धितोपत्र बजार सम्बन्धी शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम सोमबार सम्पन्न भएको छ ।




लेखनाथ उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रममा नेपाल धितोपत्र बोर्डका निर्देशकद्धय श्यामप्रसाद मण्डल र भुपती पाण्डेले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा देशको वित्तिय प्रणाली, धितोपत्र बजारको महत्व, धितोपत्र बजार संयन्त्र, धितो बजारमा सहभागी संघसंस्थाको विवरण, धितो बजारको तथ्यांकीय विवरण, धितोपत्र सम्बन्धि ऐन, नियम, धितो बजारमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु, लगानी गर्दा हुने फाइदाहरु, प्राथमिक बजार र दोस्रो शेयर बजारमा कारोबारका गर्दा थाहा पाउनुपर्ने वित्तीय विवरण र लगानी गर्दा ख्याल गर्नुपर्ने विषयमा जानकारी गराईएको थियो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य एवं संघका पुर्वअध्यक्ष बाबुराम गिरीले राष्ट्र बैंक, धितोपत्र बोर्ड र जस्ता नियमनकारी निकायहरुले बजारमा सकारात्मक म्यासेज दिन जरुरी रहेको बताए । उनले अहिलेको पुँजीबजारको समस्या समाधानको लागि नियमनकारी निकाय, सरकार र लगानीकर्ताहरुको सहकार्य आवश्यक रहेको बताए ।

यस्तै ग्रिन डेभलपमेण्ट बैंकका हरि बुढाथोकीले विगत दुई वर्ष देखि निरन्तर घटिरहेको शेयर बजार छिट्टै आउन लागेको राष्ट्र बैङ्कको मौद्रीक निति पछि सुधार हुने आशा व्यक्त गरेका थिए । तर, यही कारणले धितो पत्र बजारमा ठूलो उछाल आउने सम्भावना भने नदेखिएको उनले बताए । पछिल्लो १५-२० करोडको क्याप देखाउने दाँत मात्रै भएको टिप्पणी गर्दै शेयर बजारमा राष्ट्र बैङ्कले लगाएको क्याप पूर्ण रुपमा हटाउन उनले सुभाव दिए ।

उक्त अवसरमा नेपाल स्टक हाउस प्रालिका गोकुल रिमालले धितोपत्रबजारमा किनबेच गर्दा कस्तरी अवसरको सदुपयोग गर्ने लगायतका प्राविधिक पक्षहरूको बारेमा जानकारी दिनुका साथै देशको वर्तमान आर्थिक परि दृश्यका बारे चर्चा गरेका थिए ।

संघका अध्यक्ष विनोद श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव जानुका पराजुलीले र धन्यवाद ज्ञापन प्रथम उपाध्यक्ष उपेन्द्रराज सुवेदी ‘राजु’ले गरेका थिए ।

# पोखरा चिसाखोला वेद विद्याश्रममा ५ लाख ५५ हजारको अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पूर्व कर्मचारी सेवा परिषद, कास्कीको आयोजना तथा पोखरा चिसाखोला बेद विद्याश्रमको सह आयोजनामा पुष्प कविता संग्रह लोकार्पण गरिएको छ ।



दयासागर पराजुलीद्वारा रचित सृजनाका लता पुष्प’ कविता संग्रह हालै पोखरामा लोकार्पण गरिएको हो । पोखरा चिसाखोला बेद विद्याश्रममा संस्कृतिविद् नेपाल ऋषि प्राज्ञ डा. जगमान गुरुङ र निम्बार्क वैष्णव परिषदका अध्यक्ष हरिशरण उपाध्यायचाट पुस्तक लोकार्पण गरेको परिषदका अध्यक्ष नरहरि बरालले बताए । कार्यक्रममा नेपाल ऋषि प्राज्ञ डा. जगमान गुरुङले बेद विद्याश्रमको यज्ञशाला, गाईसेवा र वेदको पठनपाठन नेपालके उत्कृष्ट रहेको र विश्व शान्तिको कामनाका लागि हवनको अपरिहार्य रहेकोले आफ्नो धर्म संस्कार, संस्कृति भुल्न नहुने बताए । विशिष्ट प्रमुख अतिथि प्रा. हरि शरण उपाध्यायल आफू देवघाटबाट आएर यो आश्रमको संचालन तथा पठान पाठन हेर्दा ९६ बर्षसम्मको अनुभवनमा ऋषिकुल आश्रम जस्तो अनुशासित देखेर हर्षित भएको बताए ।

प्रा.डा. जगन्नाथ रेग्मीले कृतिको समीक्षा सह प्रा.डा. भोलानारायण रेग्मीले कृतिको परिचर्चा सह प्रा. कपिलदेव भट्टराईले सम्पादकीय मन्तव्य व्यक्त गरे । परिषद्का अध्यक्ष नरहरि बरालको अध्यक्षतामा भएको कार्यक्रममा वेद विद्याश्रमका प्रमुख संरक्षक मोक्षनाथ तिमिल्सिना, संयोग बस्याल लगायतले बोलेका थिए ।

यसैबिच, उक्त अवसरमा पोखरा-१८, ग्यारजाली घर भई हाल काठमाडौं निवासी दयासागर पराजुलीले आफ्ना पिता/माता चिन्तामणि/नन्दकली तथा मामा/माइजू अग्नि होत्री प. केदारनाथ, दिव्यश्वरी उपाध्याय तिमिल्सिनाको स्मृतिमा पोखरा चिसाखोला वेद विद्याश्रम सञ्चालन एवं आवासीय विद्यार्थीको भोजनका लागि अक्षयकोष स्थापना गरेका छन्। उनले ५ लाख ५५ हजार ५ सय ५५ को अक्षयकोष स्थापना गरी वेद विद्याश्रमका संरक्षक मोक्षनाथ तिमिल्सिनालाई हस्तान्तरण गरे ।

# ‘रोटरी वा रोट्याक्ट डान्सिङ स्टार्स २०२४’ आयोजना हुँदै, प्रथम पुरस्कार १ लाख

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

रोटरी दिवसको छेको पारेर पोखरामा ‘रोटरी वा रोट्याक्ट डान्सिङ स्टार्स २०२४’ नृत्य प्रतियोगिता आयोजना हुने भएको छ ।




स्टार्स स्टुडियो प्रालि, स्टार्स फाउण्डेशन नेपाल र रोटरी क्लब अफ पोखरा प्याराडाइजको संयुक्त आयोजनामा प्रतियोगिता हुन लागेको हो । रोटरी वा रोट्याक्टलाई मात्र लक्षित गरेर नेपालमानै पहिलोपटक यस्तो प्रतियोगिता आयोजना गरिएको आयोजकको दावी छ । फागुन ५ गते गण्डकी प्रज्ञा-प्रतिष्ठानको भानु हलमा आयोजना हुने प्रतियोगिताको तयारीमा तीव्रता दिइएको स्टार्स स्टुडियो प्रालिको सञ्चालक जसमाया गुरुङ जसुले जनाइन् । नृत्य प्रतियोगितामा एकल र समुहगतरुपमा प्रतिष्पर्धा हुनेछ । प्रतियोगिता रोटरी वा रोट्याक्ट क्लबमा आवद्ध अथवा रोटरीको परिवारमा रहेका प्रतिभाको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले आयोजना गरिएको रोटरी क्लब अफ पोखरा प्याराडाइजको सह-सचिव समेत रहेकी गुरुङले खुलाइन् । प्रतियोगितामा सहभागिता जनाउन रोटरी वा रोट्याक्टमा आवद्ध भएको हुनुपर्नेछ । यसका अलावा रोटरी वा रोट्याक्टमा आवद्ध परिवारको सदस्य भए समेत प्रतियोगितामा भाग लिन पाउने उनको भनाई छ । देशभरका जुनसुकै उमेर समुहले भाग लिन पाउने प्रतियोगितामा एकलतर्फ ३ हजार र समुहगततर्फ १० हजार रुपैयाँ दर्ता शुल्क लाग्नेछ ।

समुहगततर्फ प्रथम हुनेले १ लाख, द्वितीय हुनेले ५० हजार र तृतीय हुनेले २५ हजार रुपैयाँ हात पार्नेछन् । एकलतर्फको विजेताले ५० हजार, द्वितीयले २५ हजार र तृतीयले १२ हजार रुपैयाँ पाउनेछन् । जुनसुकै नेपाली गीतमा नृत्य गर्नपाइएपनि लोक विधालाई प्राथमिकता दिइनेछ । सामुहिक नृत्यको लागि थोरैमा ४ जना र बढीमा ८ जना सम्म रहन सक्नेछन् । नृत्यको समयावधि थोरैमा ३ मिनेट र बढीमा ६ मिनेट सम्म राख्न सकिनेछ । प्रतियोगिता सम्बन्धी सम्पूर्ण अधिकार भने आयोजकमा निहित हुनेछ । प्रतियोगितामा भाग लिन चाहनेहरुले न्युरोड पोखरामा रहेको स्टार्स स्टुडियोको कार्यालयमा पुगेर, गुगल फम भरेर अथवा फोन मार्फत समेत भर्न सक्नेछन् । फाराम फागुन ५ गते बिहानसम्म भर्न पाइने आयोजकले जनाएका छन् । स्टार्स स्टुडियोले यसअगाडि ‘लोक संस्कृति र हाम्रो दायित्व’ शिर्षकमा वक्तृत्वकला, कवितामा नृत्य, चित्रकलामा नृत्य, ३० वर्ष माथिको उमेर समुहको नृत्य प्रतियोगिता, खुल्ला एकल नृत्य प्रतियोगिता, पुष १५ टिकटक प्रतियोगिता, खुल्ला कविता प्रतियोगिता, गुरुङ गीत एकल नृत्य प्रतियोगिता सफलतापूर्वक आयोजना गरिसकेको छ । यसैगरी स्व.तिलमाया गुरुङ स्मृति सम्मान, स्टार्स संस्कृति सम्मान, स्टार्स समाजसेवी सम्मान कार्यक्रम समेत संस्थाले गर्दै आएको छ । बालबालिकाको लागि स्टार्स समर क्याम्पका दुई संस्करण समेत आयोजना भयो । तेस्रो संस्करणको तयारी समेत सुरु भइसकेको छ । फाउण्डेसनको स्थापना पश्चात स्टुडियोले गर्ने सबै कार्यक्रममा फाउण्डेसनले साथ दिँदै आएको छ । विभिन्न म्युजिक भिडियो निर्माण मात्र नभएर गुरुङ चलचित्र निर्माणमा समेत स्टुडियोले हात हालेको छ । स्टार्स स्टुडियो प्रालिको ब्यानरमा पहिलो चलचित्र ‘म्लेम्यु’ अर्थात विर्साउने पानी, दोस्रो चलचित्र ‘मि-थों’ अर्थात खुल्ला आँखा चलचित्र निर्माण भएको थियो ।

रोटरी क्लब अफ पोखरा प्याराडाइजले सामाजिक कार्य मार्फत आफूलाई स्थापित गर्न खोजिरहेको छ । ‘रोटरी वा रोट्याक्ट डान्सिङ स्टार्स २०२४’ कार्यक्रमबाट बचत भएको रकम नृत्य मार्फत महिला शसक्तिकरण अभियानको लागि छात्रवृत्तिमा खर्च गरिने आयोजकले खुलाए । सन् १९०५ फेब्रुअरी २३ रोटरी इन्टरनेशनल स्थापना भएको थियो । स्थापना दिवसलाई रोटरीक्लबहरुले सप्ताहव्यापी कार्यक्रमको आयोजना गरेर मनाउने गरेका छन् । दिवसको छेको पारेर आयोजना गरिएको यो प्रतियोगितामादेशभरकारोटरीयनहरुको प्रतिनिधिमुलक सहभागिता रहने आयोजकको अपेक्षा छ ।

# पञ्चकोट ...

२०८० प्रदेशसभामा पेस गर्न स्वीकृत दिने तथा गण्डकी प्रदेश आन्तरिक लेखा परीक्षण निर्देशिका २०८० स्वीकृत गर्ने निर्णय गरेको जानकारी दिनुभयो । प्रदेशमा साझेदार फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने, गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन २०७८ लाई संशोधन गर्न बनेको विधेयक २०८० प्रदेशसभामा पेस गर्न स्वीकृत दिने निर्णय गरेको पनि उहाँले जानकारी दिनुभयो ।


सर्वसिद्धी पञ्चकोटधामका संस्थापक अनन्तश्रीविभूषित मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यको आह्वानमा आगामी फागुन ९ देखि २३ गतेसम्म पञ्चकोटमा अनन्तश्री ब्राह्माण्डीय महायज्ञ हुँदैछ । यस महायज्ञमा आवश्यक सहयोग र सहभागिताका लागि प्रदेश सरकारले अनुरोध पनि गरेको छ । आजको यस स्वास्थ्यमन्त्री सुशीला सिंखडावाहेक अन्य मन्त्रीहरुको उपस्थिति थियो । पञ्चकोटमा बैठकका लागि आउनुभएका मुख्यमन्त्रीसहितका मन्त्रीहरुलाई स्वामी कमलनाचार्यले स्वागत गर्दै गण्डकीको जलले सेचन गरी माटोको टीका लगाइदिनुभएको थियो । त्यहाँ अवस्थित गण्डकी माताको दर्शन गराउँदै उहाँले मुख्यमन्त्री तथा मन्त्रीहरुलाई देश र आफ्नो मातृभूमिको माटोको सेवा गर्न आग्रह गर्नुभएको थियो । सङ्घीय राजधानी पोखरा बाहिर गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठक यो पहिलो पटक बसेको हो ।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले भुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१७३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सस्वा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनावारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग :** दारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आयुर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# बजेट दुई खर्व घटाइयो

सरकारले बजेटको लक्ष्य हासिल हुन नसक्ने देखेपछि दुई खर्व घटाएको छ । अर्थमन्त्रालयले चालू आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदन सार्वजनिक गरेको छ । सोमबार मन्त्रालयले समीक्षासहित संशोधित अनुमान सार्वजनिक गरेको छ । चालू आर्थिक वर्ष (आव) ०८०/८१ को बजेटको अर्धवार्षिक समीक्षा सार्वजनिक गर्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले चालू आर्थिक वर्षमा रु.१७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख खर्च हुने अनुमान गरिएकोमा त्यसलाई संशोधन गर्दै रु.१५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख खर्च हुने संशोधित अनुमान ल्याएका छन। यो रकम सुरु विनियोजनको ८७.३८ प्रतिशत हो ।

अर्धवार्षिक समीक्षा प्रस्तुत गर्दै अर्थमन्त्री महतले अहिले केही सूचक सकारात्मक देखिएको बताए। उनले समग्र अर्थतन्त्रको सूचक सुधार हुन समय लाग्ने बताउँदै तरलतामा सुधार आएको दाबी गरे । 'शोधनान्तर स्थितिमा सुधार आएको छ । वैदेशिक लगानीमा पनि सुधार आएको छ। हामीले बजेटमा ६.५ प्रतिशतमा मूल्यवृद्धि झार्ने लक्ष्य राखेका थियौँ,' उनले भने, 'अहिले घटेको अवस्था छ । यो उपभोक्ता र लगानीकर्ताको कोणबाट राम्रो हो। कर्जा प्रवाहमा सबैको चिन्ता थियो। ब्याजदर घट्ने क्रममा छ, थोरै भए पनि कर्जाको प्रवाह पनि बढेको अर्थमन्त्रीको दावी छ ।

बजेट घटाएपछि पुँजीगत खर्च वृद्धि हुने विश्वास मन्त्री महतको छापुँजीगत खर्च वृद्धि हुन्छ भन्नु घटाएकोले हो । खर्चको कुरा गर्दा ३२.७५ समग्रमा भएको छ। खर्च उत्साहजनक नदेखिए पनि अब बढ्छ। व्यापारको स्वरूपमा परिवर्तन आइरहेको छ। पेट्रोलियम इन्धनमा आधारितभन्दा विद्युतीय सवारीको माग बढेको छ । यो पनि राजस्व नबढेको कारण हो। त्यसैगरी, डिजिटल कारोबार बढेको छ। यसलाई कर प्रणालीले समेट्न सकेको छैन। बजेट प्रस्तुत गर्दा भनिएका कुरा वास्तविकतामा आधारित थिएनन् भन्ने पुष्टि भएको छ ।

संशोधित अनुमानअनुसार चालूतर्फ रु.१० खर्ब ७ अर्ब ४५ करोड ४६ लाख अर्थात् विनियोजनको ८८.२४ प्रतिशत, पुँजीगततर्फ रु. २ खर्च ५४ अर्ब १३ करोड १९ लाख अर्थात् विनियोजनको ८४.१३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. २ खर्ब ६८ अर्ब ६७ करोड ९७ लाख अर्थात् विनियोजनको ८७.३९ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

चालू वर्षको अन्त्यसम्ममा सरकारको स्रोतबाट (राजस्व र आन्तरिक ऋण) रु. १३ खर्ब ९ अर्ब ३० करोड ८६ लाख, वैदेशिक अनुदानतर्फ रु.४० अर्ब १२ करोड ९ लाख र वैदेशिक ऋणतर्फ रु.१ खर्ब ८० अर्ब ८३ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ। सरकारले राजश्व उठाउन नसक्दा पुँजीगत खर्च घट्ने र त्यसको असर विकास निर्माणका काममा पर्ने निश्चित छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : स्वस्थ्यमा सुधार |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मुग्लिन–पोखरा सडक विस्तार : दमौलीका घर भत्काइने

**पोखरापत्र संवाददाता**
दमौली, २९ माघ

मुग्लिन–पोखरा सडक विस्तार योजनाअन्तर्गत तनहुँको दमौली बजारका केही घर भत्काउनुपर्ने भएकाले त्यसमा स्थानीय सकारात्मक भएका छन् ।

व्यास नगरपालिका–२ वडा कार्यालयमा आइतबार भएको अनौपचारिक छलफलमा स्थानीयले यथाशक्य चाँडो सडक किनारमा पर्ने आफ्ना घर भत्काएर कामलाई तीव्रता दिन सहमति जनाएका हुन् । मुग्लिन–पोखरा सडक विस्तार योजना पूर्वीखण्डका इन्जिनियर, तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष वैकुण्ठनाथ मिश्रसहितका पदाधिकारीको बैठकले बाटो विस्तारका निम्ति भत्काउनुपर्ने ठहर भएका घर यथाशीघ्र भत्काउने निर्णय गरेको हो। व्यास नगरपालिका–२ मुख्यचोकका धरधनी मिश्रले फागुन १ गते आफैँले आफ्नो घर भत्काउन सुरु गरेर सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, "आयोजनाको कामलाई तीव्रता दिन हामी सहयोगका गर्न तयार छौँ ।" व्यास नगरपालिका–२ का वडा सदस्य सुरेश वाग्लेले दमौली बजारमा घरहरु भत्काउन ढिलाइ भएकाले छिटो घर भत्काएर काममा सहयोग गर्न आग्रह गर्नुभएको थियो ।

मुग्लिन–पोखरा सडक विस्तार योजना (पूर्वी खण्ड) का इन्जिनियर विष्णुप्रसाद पाण्डेले यो खण्डको अन्य ठाउँमा सडकभित्रका संरचना हटाएर काम भइरहेपनि सदरमुकाम दमौलीका संरचना हटाउन विलम्ब भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आजको अनौपचारिक छलफलमा स्थानीय घर भत्काउन सहमत हुनुभएको छ । अब मुख्य बजार क्षेत्रको कामले गति लिनेमा विश्वस्त छौँ ।"पाण्डेका अनुसार दमौली बजारका ७४ घर भत्काइनेछ । उक्त सडकअन्तर्गत तनहुँको बन्दीपुर, आँबुखैरेनी, छिर्कनेलगायतका ठाउँमा संरचना हटाएर काम अगाडि बढिरहेको छ। बन्दीपुर र आँबुखैरेनी खण्डमा २० किलोमिटर खण्ड कालोपत्र भइसकेको छ। पूर्वीखण्डअन्तर्गत आँबुखैरेनीदेखि जामुनेसम्मको प्रगति ४४ प्रतिशत रहेको छ ।

पूर्वी खण्डअन्तर्गत दमौली मादी नदीमा आर्क डिजाइनको पुल निर्माण सुरु भएको छ। पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो ।

# गाउँमा पुगेर विशेषज्ञ स्वास्थ्य सेवा दिँदै जैमिनी नगर

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ माघ

जैमिनी नगरपालिकाले गाउँ–गाउँमा पुगेर नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवा दिन थालेको छ । नगरपालिकाले समयसमयमा शिविर सञ्चालन गरेर नागरिकलाई सहज रुपमा विशेषज्ञ स्वास्थ्य सेवा दिन थालेको हो ।

दूरदराजका ज्येष्ठ नागरिक, महिला तथा आर्थिक अवस्था कमजोर भएकाहरु उपचारका लागि अस्पताल वा स्वास्थ्य चौकी नजाने भएकाले पालिकाले गाउँमै पुगेर बिरामीको खोजी गरी उपचार गरिरहेको नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो । आर्थिक अभावका कारण सबै नागरिकले विशेषज्ञ स्वास्थ्य सेवा लिन नसक्ने अवस्था रहेकाले महिनामहिनामा गाउँ पुगेर निःशुल्क शिविर सञ्चालन गरिरहेको उहाँको भनाइ थियो ।

नगरपालिकाले माघमा मात्रै तीन वटा विशेषज्ञ डाक्टरसहितको शिविर सञ्चालन गरेको छ । उपप्रमुख शर्माले माघ पहिलो साता पालिका केन्द्र कुश्मिसेरामा दुई दिने स्वास्थ्य शिविर, दोस्रो साता वडा नं ७ र ८ का नागरिकलाई लक्षित गरी छिस्तीमा छालारोग सम्बन्धी शिविर सम्पन्न गरेको जानकारी दिनुभयो । आइतबार वडा नं २ र ३ लाई लक्षित गरी दमेक स्वास्थ्य चौकीमा निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिएको शर्माको भनाइ थियो । कोही पनि नागरिक आर्थिक अभावमा उपचार नपाएर अकालमा ज्यान गुमाउन नपरोस् भने गत वर्षदेखि गाउँगाउँमा विशेषज्ञसहितको स्वास्थ्य शिविर सञ्चालन गर्दै आइएको उहाँले बताउनुभयो ।

"हरेक नगरिकले सहज रुपमा स्वास्थ्य सेवा पाउनुपर्छ भन्ने उद्देश्यले नगरपालिका लागिपरेको छ । सीमित स्रोत साधानकाबीच पनि हामीले सबै नागरिकलाई शिविर सञ्चालन गरेर विशेषज्ञ सेवा दिइरहेका छौँ । सबै ठाउँमा विशेषज्ञ डाक्टर राखेर नियमित सेवा दिन सकिने अवस्था नभएकाले शिविर सञ्चालन गरेका हौँ", उपप्रमुख शर्माले भन्नुभयो, "शिविरमार्फत पालिकाका सबै वडामा पुगेर सेवा दिइरहेका छौँ ।" पोखरा, बागलुङलगायतका अस्पतालमा कार्यरत विशेषज्ञ डाक्टरलाई लिएर गाउँ–गाउँमा शिविर सञ्चालन भइरहेको शर्माको भनाइ थियो । उहाँका अनुसार डा ओमकुमार श्रेष्ठ, बालरोग विशेषज्ञ किरण शर्मा, स्त्रीरोग विशेषज्ञ विष्णु पालिखे, फिजिसियन सरोजचन्द्र बराललगायतको टोलीले शिविर मार्फत सेवा दिइरहनुभएको छ ।


## सर्टिफिकेट हराएको सूचना

**म आसिका गौतमको पोखराबाट काठमाडौं जाने क्रममा नेपाल नर्सिङ काउन्सिलको सर्टिफिकेट हराएको हुँदा फेलापार्नु हुने महानुभावले निम्न ठेगाना नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Registration No: 44304

Name : Aashika Gautam

Address : Jamune Bhanjyang-7, Tanahun

Mobile No : 9846857698


# फेकोफन २० को अध्यक्षमा रेमश

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ



सामुदायिक वन उपभोक्ता महासंघ पोखरा महानगर वडा नं. २० को अध्यक्षमा चयन हुनु भएको छ । वन समुहको भेलाले उहाँलाई सर्वसम्मत अध्यक्षमा निर्वाचित गरेको हो ।

भेलाले उपाध्यक्षमा लक्ष्मी परियार, सचिव पवित्रा परियार, मुक्तिनाथ अधिकारी र सदस्यमा काशिराम गुरुङ, तुलसी तिमिल्सिना, धनबहादुर गुरुङ रहनु भएको छ । पोखरा महानगरपालिका वडा नं. २० का वडाअध्यक्ष गंगाबहादुर खत्रीले भेलाको उद्घाटन गर्दै स्थानीय सरकार र वन समुह बिच सुमधुर सम्वन्ध कायम गर्दै प्राकृति श्रोतको भरपुर उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

वन महासंघ वडालाई व्यवस्थित र चलायमान वनाउन आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै उहाँले कार्यालय स्थापनाका लागि आवश्यक कोठाको समेत व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेश सदस्यव्दय दिनेश श्रेष्ठ र जितवहादुर वस्नेतले प्राकृतिक श्रोतलाई जनताको जिविकोपार्जनसंग जोड्नु पर्ने आवश्यकता औल्याउनुभयो ।

प े क ा े प न पोखरा महानगरका अध्यक्ष कमल भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला सचिव पार्वती सुवेदी, सदस्य विष्णु आचार्य लगायतले वनको महत्व माथि प्रकाश पार्दै स्वदेशी काठ उपयोग गर्नेखालको नीतिको खाँचो औल्याउनुभयो ।

# भुमि अधिकार तथा श्रमिक संगठन कास्कीको अध्यक्षमा पुनः टेकबहादुर

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ



नेकपा एमाले निकट जनसंगठन भुमि अधिकार तथा श्रमिक संगठन नेपाल जिल्ला कमिटि कास्कीको दोश्रो अधिवेशन टेकबहादुर पुनको अध्यक्षतामा ९ सदस्य पछि थप गर्ने गरि ३५ सदस्यीय कार्य समिति चयन गरी विहिबार सम्पन्न भएको छ ।

कमिटिका उपाध्यक्षमा अग्नी प्रसाद तिवारी र ठुली गोले तामाङ, सचिवमा मोहन गुरुङ, उपसचिवमा हेममाया तामाङ र विजय शाही, कोषाध्यक्षमा ध्रुबकुमार श्रेष्ठ चयन भएका छन् । त्यसै गरी सदस्यहरुमा देवबहादुर विक, हेमचन्द्र मुडभरी, रोम बहादुर गुरुङ, चन्द्रमा घर्ति, विरबहादुर परियार, सपना परियार, लोक बहादुर सेन, मान बहादुर गुरुङ, सविता गुरुङ, सरस्वती नेपाली, इन्दिरा भट्टराई, देव बहादुर विक, भिमबहादुर रोकाह मगर, इन्द्रबहादुर खड्का, सरोज राई, उजेली घर्ति, दुर्गा बहादुर गुरुङ, कृष्ण गुरुङ अधिकारी र हरिमाया विक सर्वसम्मत चयन भएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सांसद माननीय भिम कार्कीले उद्घाटन गरेका थिए भने भुमिअधिकार तथा श्रमिक संगठन नेपालका केन्द्रिय महासचिव इन्द्रबहादुर तामाङ, नेकपा एमाले प्रदेश कमिटि सदस्य जगन कुमारी गुरुङ, संगठनका प्रदेश इन्चार्ज लक्ष्मी प्रसाद अधिकारी, पार्टीका कास्की जिल्ला उपाध्यक्ष तेज नाराणय अधिकारी र सचिव वैन बहादुर क्षेत्री, गण्डकी प्रदेश अध्यक्ष प्रेमबहादुर गुरुङ र अनेमसंघ कास्कीका अध्यक्ष गिता विश्वकर्मालगाएतले वोलेका थिए। कमिटिका अध्यक्ष टेकबहादुर पुनको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत अग्नि प्रसाद तिवारी र संचालन हेममाया तामाङले गरेका थिए ।


**गण्डकी प्रदेश सरकार**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

फोन नं.: ०६१-५७०२०४, इमेल: csiokaski2015@gmail.com

## प्रविधि हस्तान्तरण सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/१०/२९**

**यस कार्यालयको स्विकृत वार्षिक कार्यक्रम बमोजिम महिला उद्यमीहरुको व्यवसायिक विकासका लागि उपकरण तथा प्रविधि हस्तान्तरण कार्यक्रमका लागि यस जिल्लामा दर्ता भई महिला उद्यमीहरुले सञ्चालन गरिरहेका उद्योगहरुले देहायका कागजजात सहित निम्न शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालयवाट प्राप्त हुने निवेदन भरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।**

**संलग्न गर्नुपर्ने कागजजातहरू**

- नविकरण अद्यावधिक रहेको उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
- PAN/VAT दर्ताको प्रतिलिपी र कर चुक्ता (०७९/०८०) प्रमाणपत्रको प्रतिलिपी ।
- उद्यमीले लिएको व्यवसायसँग सम्वन्धित तालिमको प्रमाणपत्रको प्रतिलिपी ।
- पछिल्ला तिन आर्थिक वर्षहरुमा कुनै पनि सरकारी निकायवाट प्रविधि नलिएको स्वःघोषणापत्र ।
- उद्योगवाट रोजगारी पाएका व्यक्तिहरुको नियुक्ति/सम्झौता लगायतका कागजजातहरुका प्रतिलिपी ।
- उद्योगको व्यवसाहिक योजना ।
- माग गरेको प्रविधिको कोटेशन ।

**पालना गर्नुपर्ने शर्तहरू**

- प्राप्त हुने प्रबिधि उद्योग संञ्चालनको उद्देश्य अनुरुप वाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन ।
- प्राप्त हुने प्रविधि तिन वर्षसम्म वेचविखन वा हक हस्तान्तरण गर्न पाईने छैन ।
- प्राप्त हुने प्रविधि सम्झौता वमोजिम उपयोग नगरेमा प्रविधि वापतको रकम असुल उपर गरी प्रचलित कानून वमोजिम कारवाहि गरिनेछ ।
- प्राप्त हुने प्रविधिको कुल मुल्यको बिस प्रतिशत ले हुने रकम उद्यमीले व्यहोर्नु पर्नेछ । वढिमा रु.एक लाख रुपैयाँसम्मको प्रविधि उपलब्ध गराउन सकिनेछ ।
- प्रविधि हस्तान्तरण गर्दा एक पटक पनि प्रविधि प्राप्त नगरेका उद्यमीलाई प्राथमिकता दिईनेछ।

# चौथो चापाकोट देउराली सामुदायिक होमस्टे सांस्कृतिक महोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ



चौथो चापाकोट देउराली सामुदायिक होमस्टे सांस्कृतिक महोत्सव २०८० सम्पन्न भएको छ । महोत्समा भएको भलिबल प्रतियोगितामा पहिलो ठुलाखेत दोस्रो घाटिछिना दोस्रो भएको छ। झाकी र्याली प्रतियोगितामा पहिलो हर्पन खोला तमु समाज, दोस्रो सहनसिल आमा, तेस्रो नमुना हर्पन आमा समूह र सान्त्वना लालि गुराँस आमा समूह भएको छ।

दुना टपरी बनाउने प्रतियोगितामा पहिलो पबित्रा देवकोटा, दोस्रे पार्वती अधिकारी, तेस्रो शान्ति बिक र सान्त्वना उजेली सुनार भईन् । नैमती बाजा प्रतियोगितामा पहिलो सगरमाथा नैमती बाजा, दोस्रो पञ्चोसे नैमति बाजा, तेस्रो आदिखोला नैमती बजार, सान्त्वना भुका देउराली नैमती बाजा र चापकोट नैमती बाजा भएको छन् ।

भजन प्रतियोगितामा पहिलो पञ्चासे भजन समूह, दोस्रो राधाकृष्ण भजन समूह, तेस्रो सन्जय ढकाल दाजु भाई समूह र सान्तवना अैसेललुचउर भजन समूह घोषित भए । बिद्यालय स्तरीय नृत्य प्रतियोगितामा पहिलो अश्मी गुरुङको समूह, दोस्रो सिमा रानाको समूह, तेस्रो सिद्ध बराहा र सान्त्वना जनकल्याण बोडिङ् स्कुल भएका छन् । कौडा नृत्य प्रतियोगितामा पहिलो पुर्णिमा संस्कृति कला केन्द्र, दोस्रो सनराईज बोडिङ्, तेस्रो अरपिता गुरुङको समूह,सान्त्वना सिद्धबराहा माबी भएका छन् ।

रत्यौली गित प्रतियोगितामा पहिलो पिपलडाली आमा समूह, दोस्रो पञ्चासे परिवर्तन समूह, तेस्रो सहनसिल आमा समूह, सान्त्वना देउराली आमा समूह भएका छन् । गण्डकी प्रदेश सरकार प्रदेश सभा सदस्य प्रकाश बरालले संस्कृति संरक्षणमा महोत्सबले महत्त्वपूर्ण भुमिका खेलेको बताए। सरकारले यस्ता कार्यक्रमलाई प्रसोहान गर्नुपर्ने बताए । सरकारको सिमित स्रोत र साधन भएको कारण जनताको आसा अनुसार बिकास गर्न नसकिएको स्विकार गरे ।

पोखरा २३ वडा अध्यक्ष रामकाजीले गुरुङ पर्यटन प्रवर्द्धनमा महोत्सबले सहयोग गर्ने जानकारी दिए । होमस्टेको लागि पुर्वाधार बिकास योजना नमुना गोरेटो बाटो निर्माण हुदै गरेको छ।

पोखरा २४ वडा सदस्य रेशम सुवेदी चापकोट क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा गर्न पहल गर्ने बताए । पोखरा महागर पर्यटन प्रवर्द्धन संघ उपाध्यक्ष रबिन्द्रराज पौडेल चापकोटमा पर्यटन प्रवर्द्धन गर्न पहिला पनि पहल गरेको र आगामी दिनमा पनि आवस्यक पहल गर्ने बताए । पर्यटन प्रबर्धन समितिका अध्यक्ष भिम पराजुलीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।महोत्सव सह संयोजक रोहन सुनार २४ गतेबाट २८ गतेसम्म भएको थियो ।

# पाखो जग्गा बन्यो कागती बगैँचा

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ माघ

भिरालो पाखो जमिन । चारैतिर झाडीले घेरिएको। जनशक्ति अभावमा बाँझिएको उक्त जग्गाले पाँच वर्षपछि हराभरा होला भनेर कसैले सोचेकै थिएनन् । पाँच वर्षअघिको झाडीले घेरिएको बाँझो जग्गाको अहिले स्वरुप फेरिएर हराभरा मात्रै बनेन पहिलोपटक कागती बिक्रीबाट रु छ लाख कमाइ गर्‍यो ।

बाँझो जग्गामा कागतीको सम्भावना देखेका बागलुङको गलकोट-११ रिघाका ३५ वर्षीय दानबहादुर श्रीषले चार वर्षअघि लगाएका एक हजार दुई सय बिरुवाबाट पहिलो पटक उत्पादित कागती काठमाडौँ र पोखरा निर्यात भइसकेको छ । श्रीसले कागतीखेती गर्ने उदेश्यले उक्त जग्गा खरिद गर्नुभएको थियो । झाडीले घेरिएको त्यही बाँझो जग्गामा अहिले लटरम्म कागती फलेका छन्। गाउँको बाँझो रहेको जमिन खरिद गरेर २०७६ साउनमा कागतीका बिरुवा लगाउनुभएका श्रीषले पहिलो पटक रु लाखको कागती बिक्री गरेको बताउनुभयो । बाँझो भएको पाखोबारीलाई सदुपयोग गरी ३६ रोपनी जग्गामा व्यावसायिक कागतीखेती गर्नुभएको हो । “कागतीको सम्भावना देखेपछि ३६ रोपनी जग्गामा कागतीखेती थालेको २०७६ सालमा हो, पाँच वर्ष पूरा हुँदा कागती फल्यो, पहिलो वर्ष नै छ हजार किलो कागती उत्पादन भएको थियो, थोक मूल्य रु एक सय प्रतिकिलोका दरले कागती बिक्री गरे”, उहाँले भन्नुभयो, “खाली र झाडी बन्दै गएको जमिनमा कागतीखेतीसहित बाख्रापालनको उदेश्य थियो, बाख्रापालन छाडे, अब कागतीबाट राम्रो सम्भावना देखेको छु ।” जग्गा खरिद, व्यवस्थापन, बिरुवा खरिदसँगै हालसम्म रु ३० लाख लगानी गरिसकेको श्रीष बताउनुहुन्छ । तीव्र बसाइँसराइका कारण बाँझो जग्गा खेर जान थालेपछि गाउँमै व्यावसायिकरूपमा कृषिउद्यम गर्ने सोचमा पुगेपछि श्रीष कृषि तथा पशु फर्म दर्ता गरेर कागतीखेतीमा आकर्षित हुनुभएको हो । गलकोटसहित छिमेकी बजारको कागती आयात प्रतिस्थापन गर्नका लागि कागतीखेतीमा लागेको उहाँको भनाइ छ। बजारमा भारतबाट आयात गरिएको कागती भित्रिएको देखेपछि कागतीखेती गर्ने सोचमा पुगेर दैलेखबाट बिरुवा ल्याएर रोप्नुभएको श्रीषको कागती बगैचा अहिले हराभरा भएको छ । हजुरबाबा भीमबहादुर श्रीषको प्रेरणाले स्वदेशमै केही गर्ने सोच पलाएको यूवा कृषक श्रीष बताउनुहुन्छ । “युवाहरु उत्पादनसँग नजोडिने हो भने विदेश पलायनको विकल्प नहुने अवस्था अहिले विद्यमान छ, कागती खेतीलाई सय रोपनीभन्दा बढी जग्गामा विस्तार गर्ने योजनामा छु”, उहाँले भन्नुभयो, “सरकारी तहले युवा किसानलाई प्रेरित गर्न आवश्यक छ, सामान्य अनुदानका कार्यक्रमले मात्रै ठूलो फार्मलाई राहत हुँदैन ।” नगरपालिकामा व्यावसायिकरूपमा कागती खेतीको राम्रो सम्भावना भएकाले नगरपालिकाले कागतीका बिरुवामा अनुदानको कार्यक्रम समावेश गर्दै आएको गलकोट-११ का वडाध्यक्ष श्रीषको भनाइ छ । समुद्री सतहबाट एक हजार तीन सय मिटरसम्म कागतीखेतीको राम्रो सम्भावना भएका कारण नगरपालिकाले कागतीखेतीमा अनुदान दिँदै आएको पाइएको छ । गलकोटमा पछिल्लो समय कागतीखेती फस्टाउन थालेको छ । गलकोटका एक दर्जनभन्दा बढी किसान अहिले कागतीखेतीमा आकर्षित भएका हुन् ।

# ओझेलमा पर्दै ‘प्रत्यक्ष लोक दोहोरी’

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ माघ

म्याग्दीकी अग्रज कलाकार धनकुमारी थापालाई आजभोलिका मेला, महोत्सव खल्लो लाग्छ । परम्परागत रुपमा लाग्ने मेलाको मुख्य आकर्षण ‘प्रत्यक्ष लोक दोहोरी’ प्रतिपस्र्धा हुने भए पनि आजभोलिका मेला, महोत्सवको रौनकता रेकर्ड भएका गीत सङ्गीतमा सीमित हुन थालेको उहाँको भनाइ छ।

म्याग्दी, बागलुङ, पर्वत र मुस्ताङसँगै राष्ट्रियस्तरका लोक दोहोरीमा समेत थुप्रै पटक पुरस्कार हात पार्न सफल हुनुभएकी ६४ वर्षीया थापाले रेकर्ड भएका सङ्गीतमा गीत गाउने र रेकर्ड गरिएका सङ्गीतको ट्र्याकमा गीत गाउने प्रचलनले नेपाली मौलिक संस्कृतिको रुपमा रहेको प्रतियोगितात्मक प्रत्यक्ष लोक दोहोरी गीत ओझेलमा परेको बताउनुभयो ।

उहाँले चाडपर्वलाई लक्षित गरेर आयोजना हुने मेला, महोत्सवमा परम्परागत लोक दोहोरीको रौनक हराएर जान थालेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो “परम्परागत रुपमा मेला पर्वका सांस्कृतिक कार्यक्रममा प्रत्यक्ष लोकदोहोरी पहिलो प्राथमिकतामा पर्ने गर्थ्यो। लोक दोहोरीलाई धेरैले रुचाउने गर्थे । ” दोहोरी गाउने कलाकारले मेला पर्वबाटै आफ्नो प्रतिभा प्रस्फुटन र पहिचान गर्ने अवसर पाउने गरेकोमा पछिल्लो समय लोक दोहोरी गाउने र वाद्यवाधन बजाउने सीप हराउँदै गएको अग्रज गायिका थापा बताउनुहुन्छ।

“मैले गाउँमा आमाहरूले रोधी गाउँदा गीत गाउन थालेको थिएँ, १५ वर्षको उमेरमा नै तत्कालीन अञ्चलस्तरीय प्रतियोगितामा प्रथम भएको थिएँ, पछि नेपालगञ्जमा भएको राष्ट्रिय प्रतियोगितामा पनि हाम्रो टिम प्रथम भयो, धौलागिरि क्षेत्रका मेलामा थुप्रै पटक पुरस्कार जितेका थियौँ, तर आजभोलि मेला महोत्सवमा स्थानीयस्तरका दोहोरी प्रतियोगिता निकै कम मात्रामा भएको देखिन्छ”, उहाँले भन्नुभयो । बेनीको माघेसङ्क्रान्ति मेला, गलेश्वरको सतबिज छर्ने मेला, बरङ्जाको धुलेमेला, राखुभगवतीको बडादसैं मेला र बागलुङको चैतेदसैंमा लोक दोहोरी गीत सुन्न भीड नै लाग्ने गरेको उहाँको भनाइ थियो।

प्रत्यक्ष दोहोरीमा माया प्रेम, सदभाव, नाता सम्वन्ध, घरदेखि अन्यका कथा सुनेर मनोरञ्जन लिन टाढा टाढाबाट आएका सर्वसाधारणले दोहोरीका सवाल-जवाफ र घोचपेचलाई छलफल र बहसको विषयसमेत बनाउने गरेको उहाँ स्मरण गर्नुहुन्छ । तत्कालीन समयमा रेडियो नेपालमा समेत स्वर परीक्षणमा उर्तिण हुनुभएकी गायिका थापाले सालैजो, अबिजाले मायाँ, साइलो भाकालगायतका आधा दर्जन बढी म्याग्दी जिल्लालाई चिनाउने गीतसमेत रेकर्ड गरी बाहिर ल्याउनुभएको छ । विसं २०४० को दशकमा म्याग्दीमा थापासँगै कृष्ण पौडेल, बीरबहादुर कार्की, नरबहादुर बिसीलगायतका कलाकारहरू गण्डकी क्षेत्रमै लोकदोहोरी गाउने चर्चित कलाकारको रुपमा परिचित हुनुहुन्थ्यो ।

# जीबिकोपार्जनका लागि कोशिशको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ



मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्दै आइरहको संस्था कोशिशले जीबिकोपार्जनको लागि सहयोग गरेको छ।

संस्थाले पोखरा ६ शान्तिपाटनमा रहेको अनु परियारको परिवारलाई २० हजार बराबरको कुखुराका चल्ला, दाना र सोको लागि आवश्यक पर्ने सामग्रीहरु सहयोग गरेको हो ।

आइतबार पोखरा महानगरपालिकाका वडा नम्बर ६ का वडा अध्यक्ष विष्णुबहादुर भट्टराई, कोशिशकी फिल्ड एसोसिएट सपना सुवेदी र शर्मिला न्यौपानले संयुक्त रुपमा हस्तान्तरण गरेका हुन् । परियारलाई मानसिक समस्या भएपछि कोशिश संस्थाले उद्धार गरेर ३ महिनाको उपचार पछि हाल उनी सामान्य अवस्थामा रहेकी छन् । वडा अध्यक्ष विष्णु बहादुर भट्टराइले सामाजिक संस्थाहरु धैरै भए पनि कोशिशले गरेको सहयोगको प्रशंसा गरे। उनले उक्त परिवारलाई वडाले पनि थप सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गरे । संस्थाले प्रदान गरेको सहयोगको उपयोग गर्न र जीबिकोपार्जन गर्न उनको आग्रह थियो । कोशिशकि फिल्ड एसोसिएट सपना सुबेदीले मानसिक समस्या भए पनि उपचार पछि सामान्य अवस्था आउने हुँदा यो उदाहरणको रुपमा रहेको बताइन् । उनले परियारको पारिवारिक अवस्था कमजोर भएकाले सो सहयोग गरेको जानकारी दिइन् ।

# गण्डकी प्रदेशद्वारा घरबास अनुदानमा कडाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ

गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सामुदायिक घरबास (होमस्टे)लाई दिइने अनुदानमा कडाइ गरेको छ। यसअघि हचुवाका भरमा अनुदान वितरण गर्दा बजेट दुरुपयोग भएको आरोप मन्त्रालयमाथि लागेको थियो।

चालु आवमा प्रतिस्पर्धाका आधारमा प्रदेश निर्वाचन क्षेत्रमा एउटा मात्र घरबास छनोट गरिने मन्त्रालयका प्रशासन, योजना तथा पर्यटन महाशाखा प्रमुख दिनेशप्रकाश अर्यालले बताउनुभयो । “एक निर्वाचन क्षेत्र, एक नमूना घरबास कार्यक्रमअन्तर्गत ३६ वटा घरबासले मात्र यो वर्ष अनुदान पाउँदैछन्”, उहाँले भन्नुभयो, “६५ घरबासले मन्त्रालयमा प्रस्ताव पेश गरेका छन्, केही दिनमै छनोट प्रक्रिया टुङ्गिन्छ।” मन्त्रालयले घरबास अनुदानका लागि यस वर्ष रु चार करोड बजेट छुट्टाएको छ । वस्तुगत स्थिति र कार्ययोजना हेरेर एउटा घरबासले बढीमा रु १५ लाखसम्म अनुदान पाउने महाशाखा प्रमुख अर्यालले बताउनुभयो । “अनुदानका लागि प्रस्ताव पठाएका घरबासको अवस्था के छ भनेर स्थलगत अवलोकन पनि गरिरहेका छौँ”, उहाँले भन्नुभयो, “कागजात पुर्‍याएका भरमा मात्र अनुदान दिइन्न, मापदण्ड पूरा गरेर चलेका घरबासले अनुदान पाउँछन् ।” एउटै निर्वाचन क्षेत्रभित्र धेरै घरबास भएमा अवस्थामा ती घरबासबीचकै प्रतिस्पर्धामा उत्कृष्ट देखिएको एउटा मात्र अनुदानका लागि छनोट हुने महाशाखा प्रमुख अर्यालले बताउनुभयो । “स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना र मौलिक संस्कृतिको जगेर्नामा केन्द्रित भएका घरबासले अनुदानमा प्राथमिकता पाउँछन्”, उहाँले भन्नुभयो । मन्त्रालयका सूचना अधिकारी विमलप्रसाद गौतमले अनुदान रकमबाट घरबास सञ्चालकले ग्रामीण पर्यटन प्रवर्द्धनसँग सम्बन्धित पर्यटक सूचना केन्द्र, सामुदायिक भवन, कोसेली घर, पुस्तकालय, सांस्कृतिक सङ्ग्रहालय, उद्यान, पदमार्गलगायत पूर्वाधारमा खर्च गर्न पाउनेछन् । घरबासको आफ्नै नाममा जग्गा भए मात्र सामुदायिक भवनका लागि अनुदान दिने नयाँ नियम बनाइएको उहाँको भनाइ छ । सूचना अधिकारी गौतमका अनुसार प्रदेश सरकारबाट हालसम्म तीन सय २४ वटा सामुदायिक घरबासले अनुदान पाएको तथ्याङ्क छ। निजी तबरबाट सञ्चालित घरबासले भने अनुदान नपाउने उहाँको भनाइ छ। “आव २०७५/०७६ मा रु तीस करोड बजेट घरबास अनुदानमा खर्च भएको थियो, त्यस वर्ष धेरै घरबासले अनुदान पाए तर अधिकांश घरबासले अनुदान दुरुपयोग गरेको गुनासो उठ्यो”, उहाँले भन्नुभयो, “पछिल्लो समय मन्त्रालयले घरबासको बजेटलाई कटौती र नियन्त्रण गर्दै आएको छ, वितरण प्रक्रियामा पनि कडाइ गरेको छ ।” प्रदेश सरकारले सामुदायिक घरबास प्रवर्द्धनलाई गौरवको आयोजनाका रुपमा राखेको सूचना अधिकारी गौतमले बताउनुभयो । नमूना घरबास कार्यक्रममार्फत ग्रामीण पर्यटन विकासको ध्येय राखेर सरकारले सामुदायिक घरबासलाई अनुदान दिन थालेको हो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २० भलाममा देवी मन्दिर मार्ग निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः देवी मन्दिर मार्ग निर्माण
ठेगानाः पोखरा-२०, भलाम
योजना सम्झौता मितिः २०८०/०९/२० गते
योजना शुरु मितिः २०८०/०९/२० गते
योजना सम्पन्न भएको मितिः २०८०/१०/०४ गते
योजनाको कुल लागतः रु. ५,६६,४९२/-
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.५५,५५६/-
अध्यक्षः लालबहादुर भुजेल   सम्पर्क नं.: ९८४६०४८८५७
सचिवः संचिता भण्डारी,   कोषाध्यक्षः माधव भण्डारी
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४
इन्जिनियरः विक्रम भट्टराई,  सबइन्जिनियरः ईश्वर काफ्ले

**देवी मन्दिर मार्ग निर्माण उपभोक्ता समिति**
**पोखरा-२०, भलाम**

## पेन्सन पट्टा हराएको सूचना

**यहि मिति २०८०/१०/०५ गते पोखरा-१२ अमरसिंह चोकदेखि तालचोक फकर्ने क्रममा म इण्डियन आर्मी कृष्ण थापाको निम्न अनुसारको पेन्सन पट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावले निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।**

**नामः कृष्ण थापा**
**ठेगानाः राङ्खाने-२, बागलुङ**
**पेन्सन पट्टा नम्वरः ५२४८०५७ RFN**
**सम्पर्क नम्बरः ९८०५४८३५७३**

जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ !
सबै जना विलिन हुने माटो एउटै रहेछ !!

## हार्दिक समवेदना



जन्मः
वि. स. २००२/०६/०४ गते

स्वर्गारोहणः
वि. स. २०८०/१०/१७ गते

**स्वः सुवेदार बोम बहादुर गुरुङ**

पर्वत जिल्ला साविकको भुका ताङ्ले गा.वि.स. वडा नं. ३ तथा मोदी गाउँपालिका वडा नं.१ लौसीबोट घर भई हाल पोखरा महानगरपालिका वडा नं. ८ बगाले टोल निवासी यस 4th गोर्खा राईफल्स् भू.पू. सैनिक संघ पोखराका कर्मठ, मेहनती, अति मिलनसार मृदुभाषी बृद्ध सदस्यका ३ भाइ छोराहरु स्व. विनोद गुरुङ, मनोज कुमार गुरुङ र डा. गोविन्द गुरुङ १ बहिनी छोरी मञ्जु गुरुङको पुज्यनिय पिता **सुबेदार बोम बहादुर गुरुङका** बुहारीहरु चित्र कुमारी गुरुङ, डा. रुविना गुरुङ ज्वाइँ ज्याकी गुरुङका पुजनीय ससुराबुबा ३ नाती १ नातिनीलाई छोडी अकल्पनीय स्वर्गरोहण हुनु भई आज उहाँको पितृ पूजा (अर्घो) १४ औं दिनको पुण्यतिथिको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा धेर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि भगवानवुद्धसँग प्रर्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**ले. चित्र प्रसाद बराल**
**सचिव**

**सुवेदार राम प्रसाद गुरुङ**
**अध्यक्ष**

**तथा**

**सम्पूर्ण 4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखरा**